फो.नं.४२००४६०
सिंहदरवार काठमाडौं

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( आर्थिक प्रशासन शाखा)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

प.सं. :-२०७६/७७
च.नं. :- २६२

मिति :- २०७६/१०/०२

विषय :- तलव वृद्धि (ग्रेड) सम्वन्मा ।

श्री कानेपोखरी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, वयरवन मोरङ्ग ।

ताहाँको च.नं. ८१३ मिति २०७६/९/१६ को पत्रवाट २०५७ साल श्रावण १ अगाडी नियुक्ती पाई २०७३ असार मसान्त सम्म प्राविधिक ग्रेड वापत २ ग्रेड खाईपाई आएका कर्मचारीहरुलाई हाल २०७६ श्रावण १ गते देखि लागु हुने गरी कायम भएको दरमा प्राविधिक ग्रेड उपलव्ध गराउन सकिने नसकिने र कर्मचारी समायोजन ऐन,२०७५ वमोजिम प्रदेश तथा स्थानिय तहको तहगत पदमा समायोजन भई गएका कर्मचारीहरु मध्ये स्वास्थ्य सेवा र साविकका स्थानिय निकायका कर्मचारीहरुलाई समायोजन ऐन २०७५ मा व्यवस्था भए अनुसार थप भएको २ ग्रेड मिलान गरि भुक्तानी दिन मिल्ने नमिल्ने भनि लेखि आएको विषय पेश हुदा देहाय अनुसार गर्नु हुन नेपाल सरकार (सचिव स्तर)को मिति २०७६/०९/२९ को निर्णय अनुसार अनुरोध छ ।

१. २०५७ साल श्रावण १ अगाडी नियुक्ती पाई २०७३ असार मसान्त सम्म प्राविधिक ग्रेड वापत २ ग्रेड पाई आएका कर्मचारीहरुलाई पछि नेपाल सरकारवाट निर्णय भए सोही अनुसार हुने गरी हाललाई २०७३ असार सम्म खाई पाई आएको रकम प्राविधिक ग्रेड वापतको रकम दिने ।

२. कर्मचारी समायोजन ऐन,२०७५ वमोजिम प्रदेश तथा स्थानिय तहको तहगत पदमा समायोजन भई गएका कर्मचारीहरु मध्ये स्वास्थ्य सेवा र साविकका स्थानिय निकायका कर्मचारीहरुमध्ये स्वास्थ्य सेवाका कर्मचारीलाई सरकारी कर्मचारी र साविकका स्थानीय निकायका कर्मचारीहरुलाई अन्य सेवाको कर्मचारी भनि परिभाषित गरेको र समायोजन हुदा सरकारी सेवाको कर्मचारी समान तहमा समायोजन भएमा थप २ ग्रेड पाउने व्यवस्था गरेको र अन्य सेवाका कर्मचारीहरुले थप ग्रेड पाउने व्यवस्था नदेखिएको हुँदा स्वास्थ्य सेवाका कर्मचारीहरुलाई थप २ ग्रेड दिन मिल्ने र स्थानीय तहका कर्मचारीलाई थप २ ग्रेड दिन नमिल्ने ।

२०७६/१०/०२

उमेश्वरप्रसाद काफ्ले
लेखा अधिकृत

वोधार्थः-
श्री मुख्य मन्त्री तथा मन्त्रिपरीषदको कार्यालय सवै ।
श्री स्थानीय तह सवै ।
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, सवै ।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय सवै ।
श्री सूचना प्रविधि शाखाः- वेभ साईटमा अपलोड गरि दिनु हुन ।